गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २२ मितिः २०७८/०८/१४

**भाग- २**

**गण्डकी गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गण्डकी गाउँपालिकाले गण्डकी गाँउपालिका वार्षिक एकिकृत स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गण्डकी गाँउपालिका वार्षिक एकिकृत स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**कार्यक्रम शीर्षक : दीर्घ रोगीहरुलाई नि:शुल्क औषधी वितरण**

**१. परिचय :**

**दीर्घ रोगी :** दीर्घ रोगी भन्नाले गण्डकी गा.पा.भित्रका विपन्न, गरिव नागरिकहरु दिर्घ रोगले ग्रस्त भई औषधी किन्न आर्थिक अभाव भई औषधी सेवनवाट वञ्चित नहोस् भन्ने हेतुले यस गा.पा. क्षेत्रभित्र वसोवास गर्ने नसर्ने खालको रोग लागेका दीर्घ रोगी भन्ने वुझिन्छ । जस्तै : मुटु तथा रक्तनली सम्वन्धी रोग, मधुमेह, कोलेष्ट्रोल, थाइराइड, क्यान्सर, श्वास प्रश्वास सम्वन्धी दीर्घरोग तथा मानसिक रोग आदि ।

**२. लक्ष्य तथा उद्देश्य** : गा.पा.भित्र वसोवास गर्ने दीर्घ रोगीहरुलाई आवश्यक पर्ने औषधीहरु समयमै प्रदान गरी स्वास्थ्य स्थितिमा सुधार ल्याउने ।

- विशेष गरी मुटु रोग, मधुमेह, श्वास प्रश्वास रोग तथा मानसिक रोगीहरुलाई सम्वोधन गरिनेछ ।
- दीर्घ रोगीको औषत आयु (life expectancy ) बृद्धि गर्ने ।

**३. जिम्मेवार निकाय :** स्वास्थ्य शाखा, स्वास्थ्य इकाई र स्वास्थ्य संस्था सञ्चालन तथा व्यावस्थापन समिति ।

**४. कार्यविधि :** प्रचलित सार्वजनिक खरिद कानुन र आर्थिक कार्यविधि कानुन वमोजिम ।

**५. सहभागि :** गाउँपालिका क्षेत्रभित्र स्थाई रुपले वसोवास गर्ने दीर्घ रोगिहरु नागरिकहरु ।

**६. कार्यस्थल :** गा.पा.का ८ वटै वडाहरु ।

**७. कार्यान्वयन समय :** आ.व. २०७८/०७९ को दोस्रो त्रैमासिक भित्र ।

**८. कार्यक्रम सञ्चालन प्रक्रिया**

- प्रत्येक स्वास्थ्य संस्थाहरुले सवै दीर्घरोगीहरुको तथ्यांक संकलन गर्ने ।
- तथ्यांक संकलन गर्दा दीर्घरोगी प्रमाणित गर्ने कागजातहरु पेश भएको हुनुपर्ने ।
- विरामीको नागरिकता तथा परिचय खुल्ने प्रमाणपत्र पेश हुनुपर्ने ।
- स्वास्थ्य संस्थाले व्यावस्थापन समितिवाट तथ्यांक चेकजाँच गरी पठाउनुपर्ने ।
- स्वास्थ्य शाखाले दिर्घरोगीको तथ्यांक प्राप्त भए पश्चात मात्र औषधी खरिद गर्ने ।
- स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाहरुलाई औषधी वितरण गर्ने ।
- स्वास्थ्य संस्थाहरुले दीर्घ रोगीहरुलाई औषधी वितरण गर्दा विरामीको प्रमाण खुल्ने सवै कागजात राखी वितरण गर्ने ।

**९. अपेक्षित प्रतिफल :**

- दीर्घ रोगीहरुलाई सही समयमा औषधी उपलब्ध गराउँदा विरामीको स्वास्थ्य स्थितीमा सुधार आई भविष्यमा हुन जाने जटिल समस्याहरुलाई समयमै नियन्त्रण गर्न सकिन्छ ।
- दीर्घ रोगीहरुको औषत आयुमा बृद्धि भएको हुनेछ ।
- दीर्घरोगीहरुको तथ्यांक आद्यावधिक भएको हुनेछ ।
- गरिव तथा आर्थिक रुपले विपन्न भएकाहरुलाई स्थानीय तहवाट सहायता प्राप्त भएको अनुभुती हुनेछ ।

**तथ्यांक संकलन गर्दा भर्ने अनुसुची फाराम**

| क्र. सं. | नाम/थर | ठेगाना | उमेर | रोगको नाम | रोग निदान मिति | रोग निदान गर्ने अस्पतालको नाम | औषधीको नाम( जेनेरिक नाम) | मासिक लाग्ने सरदर मुल्य | फोन नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**१०. कार्यक्रम बजेट :** रु. १९,००,०००।- (उन्नाइस लाख मात्र)

**११. खर्च प्रक्रिया :** प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानून बमोजिम ।

**१२. अभिलेख तथा प्रतिवेदन :** औषधी खरिद तथा खर्चको अभिलेख LMIS प्रणालीमा संलग्न गरिनु पर्ने छ ।

## कार्यक्रम शीर्षक : स्वास्थ्यकर्मी आधारभुत खोप तालिम

**१. परिचय :** गुणस्तरीय खोप सेवा प्रदान गर्न खोप तालिम नपाएका स्वास्थ्यकर्मीहरुलाई आधारभुत खोप तालिम प्रदान गरी दक्ष स्वास्थ्यकर्मी उत्पादन गर्न यो तालिमको समावेश गरिएको हो ।

**२. लक्ष्य तथा उद्देश्य :** आधारभुत खोप तालिम नपाएका स्वास्थ्यकर्मीहरुलाई आधारभुत खोप तालिम प्रदान गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आधारभुत ज्ञान र सिप वृद्धि गर्ने ।

**३. कार्यान्वयन निकाय :** गण्डकी गा.पा. स्वास्थ्य शाखा ।

**४. कार्यविधि** : प्रचलित सार्वजनिक खरिद कानुन र आर्थिक कार्यविधि कानुनको अधिनमा रहि ।

**५. सहभागी संख्या** : १५ देखि २० जनासम्म स्वास्थ्यकर्मी ।

**६. कार्यस्थल** : गण्डकी गा.पा.का सवै स्वास्थ्यचौकी ।

**७. कार्यान्वयन समय :** विहान ९:०० वजेदेखि साँझ ५:०० वजेसम्म ।

**८. कार्यक्रम सञ्चालन प्रक्रिया :**

- खोप तालिम नपाएका स्वास्थ्यकर्मीको तथ्यांक संकलन गर्ने ।
- तालिम नपाएका स्वास्थ्यकर्मीहरु मध्ये करीव १५ जनालाई यस वर्ष तालिममा समावेश गरिने ।
- तालिम प्रदान गर्दा विशेष गरी स्थायी कर्मचारीलाई पहिलो प्राथमिकता दिइनेछ । तालिम प्राप्त स्वास्थ्यकर्मीले नियमित खोप अनिवार्य रुपमा संचालन गर्नु पर्नेछ ।
- यस गा.पा.भित्र कार्यरत खोप तालिम नपाएका स्वास्थ्यकर्मीहरुलाई ४ दिन आधारभुत खोप तालिम प्रदान गरिने छ ।
- खोप तालिम प्रदान गर्न दक्ष प्राविधिकको व्यावस्था गरिने छ ।
- आर्थिक नियमानुसार विनियोजित वजेट रकमवाट पारदर्शी रुपमा खर्च गरेको हुनुपर्ने छ ।
- कार्यक्रम सम्पन्न भएपछि अभिलेख तथा प्रतिवेदन तयार गरि शाखामा पेश गर्नुपर्ने छ ।

**९. अपेक्षित प्रतिफल :**

- स्वास्थ्यकर्मीहरुको खोप लगाउने सीप र क्षमता अभिवृद्धि हुनेछ ।
- गाउँपालिका भित्रका वच्चाहरुले गुणस्तरीय खोप सेवा पाउने छ ।
- सवै वच्चाहरुले समयमा नै सवै खोपहरु प्राप्त गर्नेछ ।
- वालवालिकाहरुमा रोगदर र मृत्युदरमा कमी आउनेछ ।

**१०. कार्यक्रम वजेटः**

**११**. खर्च प्रक्रिया : प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानून बमोजिम ।
**१२**. अभिलेख तथा प्रतिवेदन : कार्यक्रम संचालन पश्चात अभिलेख राख्ने र आवश्यकतानुसार प्रतिवेदन गर्ने ।

## कार्यक्रम शिर्षक : संक्रमण रोकथाम तालिम

**१. परिचय** : स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई चुस्तदुरुस्त र गुणस्तरीय बनाउनको लागि विशेष गरी सेवा प्रदायक, सेवाग्राही र समुदाय तिनै पक्षलाई विभिन्न प्रकारका रोगहरुवाट हुने संक्रमणलाई रोकथाम गर्न यो कार्यक्रम समावेश गरिएको हो ।
**२. उद्देश्य** : स्वास्थ्य संस्थावाट प्रदान गरिने स्वास्थ्य सेवाहरु गुणस्तरीय वनाउने सेवाप्रदायक, सेवाग्राही र समुदायलाई विभिन्न संक्रमणवाट हुने जटिल समस्यालाई समाधान गर्न स्वास्थ्यकर्मीहरुलाई संक्रमण रोकथाम सम्वन्धी तालिम प्रदान गरी क्षमता विकास गर्ने साथै स्वस्थ वातावरण निर्माण गर्ने ।
**४. कार्यान्वयन निकाय** : गण्डकी गा.पा. स्वास्थ्य शाखा ।
**५. कार्यविधि** : तालिम प्राप्त प्रशिक्षकको उपस्थितिमा आधारभुत तालिम संचालन, छलफल, प्रश्नोत्तर आदि ।
**६. सहभागी** : सवै स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीहरु ।
**७. कार्यस्थल** : गाउँपालिका भित्रका सवै स्वास्थ्यचौकीहरु ।

**८. कार्यान्वयन समय** : दोस्रो चौमासिक

**९. संचालन प्रक्रिया**

- IP Management सम्वन्धी प्रशिक्षक प्रशिक्षण तालिमप्राप्त दक्ष प्रशिक्षक मार्फत on site coaching प्रदान गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थामा नै गई सवै स्वास्थ्यकर्मीहरुलाई संक्रमण रोकथाम सम्वन्धी on site coaching कक्षा संचालन गरिने छ ।
- IP Management को लागि आवश्यक सामाग्रीको लागत तयार गरी आर्थिक नियमानुसार खरिद गरी वितरण गरिने छ ।

**१०. कार्यक्रम वजेट** : रु. १,७५,०००।- (एक लाख पचहत्तर हजार मात्र)

**११. खर्च प्रक्रिया** : प्रचलित आर्थिक नियम र सार्वजनिक खरिद कानुन वमोजिम ।

**१२. अपेक्षित प्रतिफल** : सवै स्वास्थ्यकर्मीहरुले IP management ज्ञान सीप हासिल गरी सेवाप्रदायक, सेवाग्राही र वातावरण तिनै पक्ष स्वस्थ र सुरक्षित हुनेछ साथै सेवाग्राही, सेवाप्रदायक र स्वास्थ्य संस्था प्रति माया र विश्वास वढ्नेछ ।

**१३. अभिलेख तथा प्रतिवेदन :** कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम

**१. परिचय :** यस गा.पा.भित्र रहेका गर्भवती महिलाहरुको गर्भावस्थामा हुने समस्यालाई समयमै पत्ता लगाई पछि हुने जटिलता घटाई मातृ मृत्यु तथा नवजात शिशु मृत्युदरलाई घटाउन यो कार्यक्रम समावेश गरिएको हो ।

**२. अपेक्षित लक्ष्य तथा उद्देश्य**: गर्भावस्थामा समयमा नै जटिल समस्या पहिचान भई समस्या समाधान गरी सुरक्षित प्रसुती हुने संख्यामा उल्लेख्य वृदि हुने, साथै मातृ तथा नवशिशु मृत्युदरमा कमी आउनु ।

**३. कार्यान्वयन कर्ता :** गा.पा. स्वास्थ्य शाखा ।

**४. सहभागी :** गर्भवती महिला, मे.अ. तथा तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मी ।

**५. स्थान :** गाउँपालिकाका ८ वटै वडाहरु ।

**६. कार्यकम संचालन विधि :** Portable USG at health facility

**७. संचालन प्रक्रिया**

- यस गा.पा.भित्र वसोवास गर्ने सम्पुर्ण गर्भवती महिलाहरुलाई पायक पर्ने प्रत्येक स्वास्थ्य चौकीमा त्रैमासिक रुपमा भिडियो एक्सरे गरिने छ ।
- भिडियो एक्सरे सेवा प्रदान गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरिने छ ।
- दक्ष जनशक्ति मार्फत कार्यक्रम संचालन गर्दा यातायात तथा भ्रमण खर्च विनियोजित रकमवाट आर्थिक नियमानुसार खर्च गरिने छ ।

**८. कार्यक्रम बजेट :** १,५०,०००।- (एक लाख पचास हजार मात्र) (आर्थिक ऐन नियम अनुसार)

**९. अपेक्षित प्रतिफल :**

- ए.एन.सी. भ्रमण संख्या बढ्नु र संस्थागत सुत्केरी संख्यामा बृद्धि हुनु ।
- नवजात शिशु तथा मातृ मृत्यू दर न्युनिकरण गर्नु ।
- अल्ट्रासाउण्ड सम्बन्धी तथ्यांक व्यवस्थित गर्नु ।

**१०. कार्यान्वयन समय :** त्रैमासिक

**११. अभिलेख तथा प्रतिवेदन :** कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : औषधी तथा भ्याक्सिन ढुवानी

**१. परिचय** : स्वास्थ्य संस्थाका लागि आवाश्यक औषधी तथा भ्याक्सिन ढुवानी तथा रिप्याकिङ र वितरण समेत गर्नको लागि यो कार्यक्रम समावेश गरिएको छ ।
**२. उद्देश्य** : समयमै औषधी लगायतका सामाग्रीहरु र भ्याक्सिन ढुवानी तथा रिप्याकिङ र वितरण समेत गरी वस्तुको परिमाण सुनिश्चित गर्ने ।
**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा. स्वास्थ्य शाखा ।
**४. कार्यक्रम संचालन विधि** : आवश्यकता अनुसार विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधी, औषधीजन्य सामग्री तथा भ्याक्सिनहरु ढुवानी गर्ने ।
**५. सहभागी** : का.स. तथा स्वास्थ्य शाखा कर्मचारीहरु ।
**६. कार्यस्थल** : गण्डकी गा.पा.का सवै वडाहरु ।
**७. कार्यान्वयन समय** : आवश्यकता अनुसार वाह्रै महिना ।
**८. संचालन प्रक्रिया :**

- सामानहरु रिप्याकिङ गर्नु पर्ने भए रिप्याकिङ गर्ने ।
- नियमानुसार दररेट लिई ढुवानी गर्ने ।
- ढुवानी गरिएका सामानहरु स्वास्थ्य संस्थामा पुर्याई अन्यत्र वितरण गर्नुपर्ने भएमा गर्न सकिने छ ।
- औषधी तथा सामान रिकल गर्नुपरेमा समेत सोही प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

**९. अपेक्षित प्रतिफल** : औषधी लगायतका सामाग्रीको समयमै ढुवानी तथा रिप्याकिङ र वितरण भई स्वस्थ्य संस्थामा भ्याक्सिन, औषधी तथा सामान नियमित उपलव्ध हुने ।
**१०. कार्यक्रम वजेट** : रु. १,००,०००।- (एक लाख मात्र)

**११. खर्च प्रक्रिया/आर्थिक वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२. अभिलेख तथा प्रतिवेदन**: कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : VIA CAMPAIGN

**१. परिचय** : नेपालमा विशेष गरी विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर भई धेरै महिलाहरुले अकालै ज्यान गुमाईरहेको अवस्थालाई मध्यनजर गर्दै यस गण्डकी गा.पा.भित्र वसोवास गर्ने विशेष गरी विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर भए नभएको समयमै पत्ता लगाई पछि हुने जटिल समस्यालाई न्युनिकरण गर्नको लागि यो शिविर कार्यक्रम समावेश गरिएको हो ।

**२. उद्देश्य** : विवाहित महिलाहरुको पाठेघरको मुखको क्यान्सर भए नभएको समयमै पता लगाई समयमै आवश्यक उपचार गरी स्वास्थ्य जीवन यापन गराउने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा.स्वास्थ्य शाखा ।

**४. कार्यक्रम संचालन विधि** : दक्ष प्राविधिकको सहयोगमा पायक पर्ने स्थानमा शिविर संचालन गर्ने ।

**५. सहभागी** : लक्षित रोगी महिलाहरु ।

**६. कार्यस्थल** : गण्डकी गा.पा.को वढी प्रभावित क्षेत्र ।

**७.कार्यान्वयन समय** : तेस्रो चौमासिक ।

**८. संचालन प्रक्रिया** :

- स्वास्थ्यकर्मीहरुको नियमित वैठक मार्फत छलफल गरी पाठेघरसँग सम्वन्धि समस्या भएको स्थान छनौट गर्ने ।
- शिविर संचालन हुनुभन्दा १ हप्ता अगाडी म.स्वा.से.तथा स्वास्थ्यकर्मीहरुको १ दिने अभिमुखिकरण गोष्ठी संचालन गर्ने ।
- शिविर संचालनको लागि दक्ष जनशक्तिको व्यावस्था गर्ने ।
- शिविर संचालनको लागि आवश्यक पर्ने औषधी तथा अन्य सामाग्रीहरु आर्थिक नियमानुसार खरिद गर्ने ।
- शिविर संचालनमा आवश्यक औषधी तथा सामाग्रीहरु निशुल्क वितरण गर्ने ।
- तथ्यांक अद्यावधिक गर्ने

**९. अपेक्षित लक्ष्य :**

- पाठेघर सम्वन्धी रोगी महिलाहरुको समस्या समयमै पहिचान गर्न सकिन्छ ।
- आवश्यकता अनुसार थप उपचार गरी पछि आउने जटिल समस्यावाट छुटकारा पाइन्छ ।
- पाठेघर सम्वन्धी रोगि महिलाहरुको तथ्यांक आद्यावधिक भएको हुनेछ ।
- पाठेघरको मुखको क्यान्सर नियन्त्रण भएको हुनेछ ।
- सम्वन्धित रोगीको औषत आयुमा बृद्धि भएको हुनेछ ।

**१०. कार्यक्रम वजेट** : रु. १,५०,०००।- (एक लाख पचास हजार रुपया मात्र)

**११. वजेट वाँडफाँड** :प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२. अभिलेख तथा प्रतिवेदन** :कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : स्वास्थ्य व्यावस्थापन सुचना प्रणाली

**१. परिचय** : यस गण्डकी गा.पा.स्वास्थ्य शाखा अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा कार्यरत HMIS Training नपाएका स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य व्यावस्थापन सुचना प्रणाली सम्वन्धी तालिम प्रदान गरि स्वास्थ्य संस्थावाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवा हरुमा एक रुपता ल्याई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी सेवाको डाटा चुस्त दुरुस्त राख्न र प्रतिवेदन गर्न सक्षम वनाउनको लागि यस तालिम समावेश गरिएको हो ।

**२.उद्देश्य** : स्वास्थ्य व्यावस्थापन सुचना प्रणाली सम्वन्धी स्वास्थ्यकर्मीहरुको क्षमता विकास गरी स्वास्थ्य संस्थावाट प्रदान गरीने विभिन्न स्वास्थ्य सेवाहरुलाई एकिकृत सुचना प्रणालीमा आवद्ध गराई गुणस्तरीय तथ्यांक अद्यावधिक गर्ने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा.स्वास्थ्य शाखा ।

**४. कार्यक्रम संचालन विधि** : दक्ष प्राविधिकको उपस्थितिमा श्रव्यदृष्य सामाग्रीको प्रयोग, अभ्यास, छलफल ।

**५. सहभागी** : तालिम नपाएका स्वास्थ्यकर्मीहरु ।

**६. कार्यस्थल** : गण्डकी गा.पा.सवै वडाहरु ।

**७. कार्यान्वयन समय** : दोस्रो चौमासिक ।

**८. संचालन प्रक्रिया** :

- तालिम नपाएका स्वास्थ्य कर्मीहरुको तथ्यांक अद्यावधिक गर्ने ।
- तालिम नपाएका स्वास्थ्यकर्मीहरु करीव १५ देखि २० जना सम्मलाई ४ दिनको आधारभुत HMIS Training प्रदान गर्ने ।
- तालिम प्रदान गर्न विषय विज्ञ प्रशिक्षकको व्यावस्था गरिने छ ।

**९. अपेक्षित प्रतिफल** :

- स्वास्थ्यकर्मीहरुको स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली सम्वन्धी क्षमता अभिवृद्दि हुनेछ ।
- सेवाको गुणस्तर र तथ्यांकको गुणस्तरमा सुधार आउने छ ।
- समयमै प्रतिवेदन प्राप्त हुनेछ ।

**१०. कार्यक्रम वजेट** : रु. ३,००,०००।- (तिन लाख मात्र)

**११. वजेट वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२. अभिलेख तथा प्रतिवेदन** :कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक :जेष्ठ महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम

**१. परिचय** : नेपालमा आ.व. २०४५।०४६ सालदेखि म.स्वा.से.कार्यक्रम लागु भए अनुसार प्रत्येक वडामा (साविक ९ वडामा ९ जना) ९ जनाको दरले म.स्वा.से.राखी वडागत तहमा समुदाय स्तरमा स्वास्थ्य

सम्वन्धी विभिन्न कार्यक्रम गर्दै आउनु हुने महिला स्वास्थ्य स्वयम सेविका दिदी वहिनीहरुलाई ६० वर्षको उमेर पुगे पश्चात निजहरुको कामको उच्च कदर गर्दै ससम्मान साथ विदाई गर्नको लागि यो कार्यक्रम समावेश गरिएको हो ।

**२. अपेक्षित लक्ष्य तथा उद्देश्य** : जेष्ठ म.स्वा.से.हरुले समुदायमा स्वास्थ्य सम्वन्धी विविध प्रवर्दनात्मक कार्यहरु गर्दै आउनु भएकोमा कामको उच्च मुल्यांकन गर्दै ससम्मानजनक विदाई गर्न ।

**३. कार्यान्वयनकर्ता :** गा.पा. स्वास्थ्य शाखा ।

**४. सहभागि :** जेष्ठ म.स्वा.से.हरु ।

**५. स्थान : गण्डकी** गाउँपालिका वडा नं. १

**६. कार्यक्रम संचालन विधि :** गा.पा.का तथा सम्वन्धित वडा ,स्वास्थ्य संस्थाकासरोकार वालाहरु र जेष्ठ म.स्वा.से.हरुको उपस्थितिमा विदाई कार्यक्रम गर्ने **।**

**७. कार्यान्वयन समय :** प्रथम चौमासिक

**८. संचालन प्रक्रिया**

- म.स्वा.से.विदाईको लागि कदरपत्र/प्रशंसा पत्र को व्यवस्था गरिने छ ।
- नेपाल सरकारको नियमानुसार प्रति जेष्ठ म.स्वा.से.लाई रु. २०,०००।- मा २५ प्रतिशत कर कट्टी गरी वाँकी रकम सम्मान साथ प्रदान गरिने छ ।
- विदाई सम्वन्धी कार्यक्रमको लागि अन्य विविध कार्यको लागि आवश्यक खर्च सोही शिर्षकमा विनियोजन गरेको रकमवाट खर्च गरिने छ ।

**९. कार्यक्रम वजेट** : रु. १,००,०००।- (एक लाख मात्र)

**११. वजेट वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२. अभिलेख तथा प्रतिवेदन** : कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : स्वास्थ्य जनचेतना मुलक कार्यक्रम(परिवार नियोजन,मानसिक स्वास्थ्य तथा कोभिड- १९

**१. परिचय :** समुदाय स्तरमा विभिन्न स्वास्थ्य सम्वन्धी जनचेतना मुलक सन्देशहरु फैलाउन र स्वास्थ्य सम्वन्धी गतिविधिहरुलाई सकारात्मक तवरले ग्रहण गर्न तथा व्यवहार परिवर्तन गर्न सक्षम वनाउन यो कार्यक्रम समावेश गरिएको हो ।

**२. अपेक्षित लक्ष्य तथा उद्देश्य** : जन समुदायस्तरमा स्वास्थ्य सम्वन्धी सकारात्मक सोचको विकास गर्न विभिन्न जनचेतनामुलक सन्देशहरु फैलाई आम जनसमुदायको स्वास्थ्य सम्वन्धी व्यवहार परिवर्तन कार्यान्वयनमा जोड दिनु ।

**३. कार्यान्वयनकर्ता :** गा.पा. स्वास्थ्य शाखा ।

**४. सहभागि :** विद्यार्थी तथा आम जनसमुदाय ।

**५. स्थान :** गाउँपालिकाका सवै वडाहरु ।

**६. कार्यक्रम संचालन विधि :** विषय विज्ञ प्रशिक्षकको उपस्थितिमा श्रव्य दृश्य विधि, छलफल तथा प्रश्नोत्तर **।**

**कार्यान्वयन समय :** दोस्रो चौमासिक

**७. संचालन प्रक्रिया :**

- ➢ गा.पा.का सवै वडाहरु समेट्ने गरी कार्यक्रम संचालन गरिने छ ।
- ➢ प्रत्येक वडाको वस्तीगत रुपमा आवश्यकता पहिचान गरी समयसापेक्ष विषय वस्तुको छनौट गरिनेछ ।
- ➢ विषयगत आधारमा दक्ष प्रशिक्षकको व्यावस्था गरिने छ ।

**८. अपेक्षित प्रतिफलः**

- ➢ स्वास्थ्य सम्वन्धी सकारात्मक सोचको विकास हुनेछ ।
- ➢ स्वास्थ्य सम्वन्धी व्यावहारमा परिवर्तन आउनेछ ।
- ➢ विभिन्न खालका सर्ने तथा नसर्ने खालका रोगहरु नियन्त्रणमा टेवा मिल्नेछ ।

**९. कार्यक्रम वजेट** : रु. २,४०,०००।- (दुई लाख चालिस हजार मात्र)

**११. वजेट वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२. अभिलेख तथा प्रतिवेदन** :कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : सुनौलो १००० दिन पोषण कार्यक्रम

**१. परिचय :** समुदायमा भएका सुनौलो हजार दिन भित्रका आमा र बच्चाको पोषण स्वास्थ्य सम्बन्धि यो कार्यकम बनाएको हो ।

**२. उद्देश्य** : समुदायमा भएका आमा रबच्चाको पोषण स्वास्थ्यमा सुधार ल्याई स्वस्थ परिवार तयार गर्नु यस कार्यकमको मुख्य उद्देश्य रहेको छ ।

**३. कार्यान्वयनकर्ता :** गा.पा. स्वास्थ्य शाखा ।

**४. सहभागि :**गर्भवति महिला,  २ वर्ष मुनिका बच्चा र आमा ।

**५. स्थान :** गाउँपालिकाका सबै वडाहरु ।

**६. कार्यक्रम संचालन विधि :** पोषणयुक्त खाद्यान्न वितरण तथा जनचेतनामूलक कार्यकम सञ्चालन गर्ने ।

**७. कार्यान्वयन समय :** दोस्रो चौमासिक

**८. संञ्चालन प्रक्रिया**

- ➢ सबै वडाका सुनौला हजार दिन भित्रका आमा र बच्चाको तथ्यांक सम्बन्धित स्वास्थ्य संस्था मार्फत लिने ।
- ➢ वडाको स्वास्थ्यको अवस्था हेरी स्वास्थ्यचौकी प्रमुख र स्वास्थ्य व्यवस्थापन समितिसँग समन्वय गरी पोषण सम्बन्धि कार्यकम छनोट तथा सञ्चालन गर्ने ।

**९. कार्यान्वयन प्रकिया :**

- ➢ लक्षित वर्ग कार्यकम सञ्चालन हुने वडाको स्थायी बासिन्दा भएको हुनुपर्ने छ ।
- ➢ गर्भवति महिलाले गर्भवति हो भन्ने पहिचान खुल्ने कागज पेश गरेको हुनुपर्ने छ । (ANC Card, OPD ticket)

- गर्भवति महिलाले Protocal अनुसार नियमित गर्भ जाँच गरेको हुनुपर्ने छ ।
- बच्चाको हकमा खोप कार्ड अनिर्वाय पेश गरेको हुनुपर्ने छ साथै बच्चालाई राष्ट्रिय खोप तालिका अनुसार नियमित खोप लगाएको हुनुपर्नेछ ।
- अन्य जिल्लाको स्थायी बासिन्दा भएपनि सम्बन्धित वडामा नियमित बसोबास गर्दै आएको र स्वास्थ्य सम्बन्धि आधारभूत सेवा सोही वडामा लिएको भए निजलाई पनि यस कार्यक्रममा समावेश गराईने छ ।
- पोषण सम्बन्धि सामग्री वितरण गर्दा सकेसम्म सम्बन्धित व्यक्ति आफै आउनुपर्ने छ यदि कुनै कारणबस आफु आउन नसकेमा एकाघर परिवारको सदस्यलाई प्रदान गरिनेछ ।
- स्वास्थ्य संस्थावाट डाटा प्रमाणित भएको हुनु पर्ने ।

**१०. अपेक्षित लक्ष्यः**

- सुनौला हजार दिनका आमा र बच्चाको पोषण स्वास्थ्य मा सुधार आउने छ ।
- कुपोषणको अवस्था न्यूनिकरण हुनेछ ।
- मातृ तथा शिशु रोगदर र मृत्युदरमा कमी आउने छ ।

**११. कार्यक्रम वजेट** : रु. ८,००,०००।- (आठ लाख मात्र)
**११. वजेट वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।
**१२. अभिलेख तथा प्रतिवेदन** : कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## <u>कार्यक्रम/क्रियाकलाप शिर्षक : भ्याक्सिन तथा अन्य सामाग्री ढुवानी</u>

**१. परिचय :** स्वास्थ्य संस्थाका लागि आवश्यक औषधी तथा भ्याक्सिन ढुवानी तथा रिप्याकिङ र वितरण समेत गर्नको लागि यो कार्यक्रम समावेश गरिएको छ ।
**२.उद्देश्य** : समयमै औषधी लगायतका सामाग्रीहरु र भ्याक्सिन ढुवानी तथा रिप्याकिङ र वितरण समेत गरी वस्तुको परिमाण सुनिश्चित गर्ने ।
**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा.स्वास्थ्य शाखा ।
**४. कार्यक्रम संचालन विधि** :आवश्यकता अनुसार विभिन्न स्वास्थ्य संस्थाहरुमा औषधी, औषधीजन्य सामाग्रीहरु तथा भ्याक्सिन ढुवानी गर्ने ।
**५. सहभागी** : का.स. तथा स्वास्थ्य शाखा कर्मचारीहरु ।
**६. कार्यस्थल** : गण्डकी गा.पा.सवै वडाहरु ।
**७. कार्यान्वयन समय** : आवश्यकता अनुसार वाह्रै महिना ।
**८. संचालन प्रक्रिया** :

- सामानहरु रिप्याकिङ गर्नु पर्ने भए रिप्याकिङ गर्ने ।
- नियमानुसार दररेट लिई ढुवानी गर्ने ।
- ढुवानी गरिएका सामानहरु स्वास्थ्य संस्थामा पुर्‍याई अन्यत्र वितरण गर्नुपर्ने भएमा गर्न सकिने छ ।

- औषधी तथा भ्याक्सिन रिकल गर्नुपरेमा समेत सोही प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

**९. अपेक्षित प्रतिफल** : औषधी लगायतका सामाग्रीको समयमै ढुवानी तथा रिप्याकिङ र वितरण भई स्वस्थ्य संस्थामा भ्याक्सिन औषधी तथा सामान नियमित उपलव्ध हुने ।
**१०. कार्यक्रम वजेट** : रु. ३,००,०००।- (तिन लाख मात्र)

**११. खर्च प्रक्रिया/आर्थिक बाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१२.अभिलेख तथा प्रतिवेदन**: कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : औषधी खरिद तथा ढुवानी

**१. परिचय** : आधारभुत तथा आकस्मिक सेवाको लागि औषधी तथा स्वास्थ्य सुरक्षा सामाग्री(PPE वाहेक) खरिद गर्ने ।
**२. उद्देश्य** : आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि चाहिने अति आवश्यक निशुल्क औषधीहरुको साथै स्वास्थ्य सेवाको लागि चाहिने अति आवश्यक स्वास्थ्य सुरक्षा सामाग्रीहरु समयमै खरिद भई उपलव्ध हुनेछ ।
**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा.स्वास्थ्य शाखा ।
**४. कार्यक्रम संचालन प्रक्रिया :**

- आधारभुत तथा आकस्मिक सेवाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीहरुको सुची हरेक स्वास्थ्य संस्थाहरुसंग माग संकलन गर्ने ।
- आधारभुत तथा आकस्मिक सेवाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीहरुको सुची तयार गर्ने ।
- आधारभुत तथा आकस्मिक सेवाको लागि औषधी खरिद गर्न पुर्वानुमान तयार गर्ने ।
- जिल्लामा रहेका स्वास्थ्य कार्यालय मार्फत उपलव्ध हुने औषधीहरु खरिद गर्दा समन्वय गरि म्याद गुज्रन नहुने वा स्टक मौज्दात अत्याधिक नहुने गरि खरिद गर्ने ।
- स्वास्थ्य सुरक्षाका सामाग्रीहरु खरिद गर्दा पि.पि.ई. वाहेकका सामाग्रीहरु मात्र खरिद गर्ने ।
- औषधी खरिद गर्दा शिलवन्दी दरभाउ पत्र E-BIDDING विधि मार्फत खरिद गर्ने ।
- शिलवन्दी दरभाउ पत्र E-BIDDING विधि मार्फत खरिद गरी वजेट बाँकी रहन गएमा बाँकी वजेटवाट सोही टेण्डरको दरभाउमा सोही सप्लायरसंग टेण्डरमा खरिद गरेका औषधी तथा औषधीजन्य सामाग्रीहरुको आवश्यकता अनुसार खरिद गर्ने ।
- सामानहरु रिप्याकिङ गर्नु पर्ने भए रिप्याकिङ गर्ने ।
- औषधी खरिद पश्चात स्वास्थ्य संस्थाहरुलाई औषधी वितरण गर्ने ।
- नियमानुसार दररेट लिई ढुवानी गर्ने ।
- ढुवानी गरिएका सामानहरु स्वास्थ्य संस्थामा पुर्याई अन्यत्र वितरण गर्नु पर्ने भएमा गर्न सकिने छ ।

**५. कार्यस्थल** : गण्डकी गा.पा.सवै वडाहरु ।

**६. कार्यान्वयन समय** : प्रथम चौमासिक

**७. अपेक्षित प्रतिफल :**

- आधारभुत तथा आकस्मिक सेवाको लागि चाहिने अति आवश्यक निशुल्क औषधीहरुको समयमै आपुर्ती हुँदा अभाव नहुने ।
- स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य कर्मीहरुको सुरक्षालाई समेत ध्यानमा राखी अति आवश्यक स्वास्थ्य सुरक्षा सामाग्रीहरु जस्तै : मास्क,पन्जा ,सेनिटाइजर आदि उपलव्ध हुने ।

**८. कार्यक्रम वजेट** : रु. १५,००,०००।- (पन्ध्र लाख मात्र)

**९. खर्च प्रक्रिया/आर्थिक वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ ।

**१०. अभिलेख तथा प्रतिवेदन** : कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखिकरण गर्ने ।

## कार्यक्रम/क्रियाकलाप शिर्षक : गाउँपालिका स्तरीय चिस्यान भन्डार स्थापना

**१. परिचय** : स्वास्थ्य संस्थाका लागि आवश्यक नियमित तथा अन्य भ्याक्सिनहरुको उचित तापक्रम व्यवस्था गरी भ्याक्सिनको गुणस्तर कायम राख्न र गुणस्तरीय भ्याक्सिन स्वास्थ्य संस्था स्तरसम्म पुर्‍याउनको लागि यो कार्यक्रम समावेश गरिएको छ ।

**२. उद्देश्य** : नियमित भ्याक्सिन तथा अन्य भ्याक्सिनहरुलाई उचित तापक्रममा राखी भ्याक्सिनको गुणस्तर कायम राख्ने र गुणस्तरीय भ्याक्सिन लक्षित व्यक्तिहरुसम्म पुर्‍याउने तथा भ्याक्सिन खेर जाने दरलाई कम गर्ने ।

**३. कार्यान्वयन निकाय** : गण्डकी गा.पा.स्वास्थ्य शाखा ।

**४. कार्यक्रम संचालन विधि** : प्रदेश स्वास्थ्य कार्यालयसंग समन्वय गरी भ्याक्सिन चिस्यान भण्डारण निर्देशिका वमोजिम व्यवस्थापन गर्ने ।

**५. कार्यस्थल** : गण्डकी गा.पा.कार्यालय ।

**६. कार्यान्वयन समय** : प्रथम चौमासिक

**७. संचालन प्रक्रिया** :

➢ गाउँपालिका स्तरीय चिस्यान भण्डार स्थापनाको लागि गाउँ कार्यपालिकामा निर्णय गराउने ।

➢ प्रदेश स्वास्थ्य कार्यालयसंग समन्वय गर्ने ।

➢ कोल्ड रुम व्यवस्थापनको लागि भ्याक्सिनसंग सम्वन्धित आवश्यक सामाग्रीहरु प्रदेश सरकारसंग माग गर्नको लागि प्रदेश स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने ।

➢ प्रदेश सरकारवाट सम्वोधन हुन नसकेका सामाग्रीहरु प्रदेश स्वास्थ्य कार्यालयसंग समन्वय गरी मापदण्ड वमोजिमका आवश्यक सामाग्रीहरु खरिद गर्ने ।

**८. अपेक्षित प्रतिफल** : नियमित भ्याक्सिन तथा अन्य भ्याक्सिनहरुको गुणस्तर कायम भएको हुनेछ साथै भ्याक्सिन खेर जानेदरमा कमी आउने छ। लक्षित वर्गहरुले गुणस्तरीय भ्याक्सिन प्राप्त गरेको सुनिश्चित हुनेछ।

**९. कार्यक्रम वजेट** :१०,००,०००।- (दश लाख मात्र)

**१०. खर्च प्रक्रिया/आर्थिक वाँडफाँड** : प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शी किसिमले गर्नुपर्ने छ।

**११. अभिलेख तथा प्रतिवेदन** : कार्यक्रम संचालन पश्चात प्रतिवेदन तयार गरी अभिलेखीकरण गर्ने।

आज्ञाले,
नामः जित वहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत